# श्रीपशुपतिनाथको पुजारी परम्पराको परिशीलन

सन्दीप सापकोटा*

**लेखसार**

*सर्वाम्नायका स्वामी भगवान् श्रीपशुपतिनाथको मन्दिरसँग जोडिएको प्राचीनता, परम्परा र धार्मिक मूल्यमान्यता, रीतिस्थितिका सापेक्ष नै पुजारी परम्परा पनि चलिआएको छ । सनातनी हिन्दूहरूको धार्मिक आस्था र विश्वासको केन्द्र श्रीपशुपतिनाथको पुजारी हुनका लागि निर्धारण गरिएका योग्यताहरू पनि हिन्दू धर्मावलम्बीहरूको आस्था र विश्वाससँग सम्बन्धित विषयहरू हुन् । भारतीय भट्ट पुजारी परम्परा पशुपतिनाथमा अक्षुण्ण रूपले अद्यापि चलिआएको सुदीर्घ परम्परा हो । परम्परा कानुनका रूपमा रहन पुगेको हुन्छ, वैधानिकता प्राप्त गरेको हुन्छ अर्थात् त्यसलाई संविधानले पनि आत्मसात् गरेको हुन्छ । सनातनदेखि चलिआएको परम्परा र त्यससँग जोडिएको धार्मिक आस्था र विश्वासलाई खलल पार्न कसैले पनि विवाद उठाउनु मनासिब रहँदैन । सामयिक सन्दर्भमा जनजीवनसँग जोडिएर रहेको यस सम्बन्धलाई कुटनीति र द्विदेशीय सम्बन्धका रूपमा लिने, सडकमा नाराबाजी गर्ने, सामाजिक सञ्जालमा यसको शास्त्रीय एवं सांस्कृतिक पक्षलाई बुझ्दै नबुझी एकतर्फी आलोचना गर्ने गरिएको पाइन्छ जसले गर्दा जनस्तरको सम्बन्ध अहिले जटिल सम्बन्धमा रूपान्तरित हुँदै गएको छ । यस लेखमा पशुपतिनाथ मन्दिरको भट्ट परम्परा र सोसँग सम्बन्धित विविध विषयवस्तुहरूलाई उठान गरी केलाउने चेष्टा गरिएको छ ।*

**शब्दकुञ्जी** : दाक्षिणात्य, अर्चक, पाशुपत, निगमागम ।

## विषयपरिचय

विश्वका सम्पूर्ण सनातनीहरूका परमाराध्य भगवान् श्रीपशुपतिनाथको भारतीय दाक्षिणात्य भट्ट पुजारी परम्परा नेपालका लागि नवीन होइन; सदियौँदेखि शासनव्यवस्था चलाएका शासकहरूले चलाएको र सो समयदेखि नै आजपर्यन्त स्वतन्त्र राष्ट्र नेपाल र सनातनी नेपाली जनताले मानिआएको सामाजिक र धार्मिक-सांस्कृतिक वैशिष्टच बोकेको जीवन्त ऐतिहासिक परम्परा हो । भट्ट पुजारी परम्परा मल्लकालीन नेपाली समाजदेखि अविच्छिन्न प्रवाहित हुँदै आएको पशुपतिनाथ मन्दिरको ऐतिहासिक साक्ष्य हो जुन दुई मित्र राष्ट्रको आध्यात्मिक अन्तर्घुलनका रूपमा पनि स्थापित रहन पुगेको छ ।

---

* अध्यक्ष, तन्त्र चर्चा परिवार, काठमाडौँ ।

'भट्ट' शब्द संस्कृत भाषाको 'भर्तृ' शब्दबाट प्राकृत भई प्रयोग भएको मानिन्छ जसको अर्थ विद्वान्, पण्डित, प्राज्ञ आदि हुन्छ । पशुपतिनाथका दाक्षिणात्य ब्राह्मणहरूको वास्तविक थर भट्ट होइन । यो केवल उपाधि मात्र हो । यसरी नियुक्त हुने ब्राह्मणहरूको थर र गोत्र छुट्टाछुट्टै रहन सक्दछ (कोइराला, २०५१, पृ.४७८) । पशुपतिनाथको प्रधानार्चकलाई रावल पनि भन्ने गरिएको पाइन्छ (श्रीपशुपतिनाथका वर्तमान प्रधानार्चक श्रीगणेश भट्टसँगको वार्तालापमा आधारित) । वंशावलीमा भट्ट पुजारी भन्दा पहिले मूल पुजारी हुने व्यक्तिहरू तान्त्रिक, साधक, विद्वान् वा सन्यासी नै देखिन्छन्, जसलाई रावल भन्ने सम्मानित पद र विशेष अधिकार पनि दिएको कुरा अन्वेषणबाट थाहा पाइन्छ (भाषा वंशावली, राष्ट्रिय अभिलेखालय र देवमाला वंशवली, योगी नरहरिनाथबाट प्रकाशित) । पशुपतिका पुजारीहरूको जेसुकै थर भए पनि जनजिब्रोले भट्ट भन्न रुचाएको देखिन्छ (टण्डन, २०५३, पृ. २२१) । पशुपतिनाथको दक्षिणपट्टिको उन्मत्त भैरवको स्थापना गर्ने दाक्षिणात्य पुजारी नारायण भट्टले आफ्नो गोत्र बाधूल भएको र जन्मस्थान भारतको उडिसा प्रान्त रहेको उल्लेख एक शिलालेखमा गरेका छन् (कोइराला, २०५१, पृ. ४७९) । अतः भट्ट शब्दले कुनै थरगोत्र नजनाई विशेष उपाधि जनाउने गर्दछ ।

वैदिक कृष्ण यर्जुर्वेदीय तैत्तिरीय शाखाका अति विशिष्टतम् उपासना पद्धति र वैदिक ऋचाहरूका साथै आगम र तन्त्रशास्त्रका अत्यन्त रहस्यमय एवं गुह्यतम मन्त्र, यन्त्र र पूजा विधानद्वारा उपास्य रहने भगवान् श्रीपशुपतिनाथको पूजापद्धतिमा निगमागमको मिश्रमार्गको प्रयोग हुने गरेको छ । यसप्रकारको पूजाविधानमा अत्यन्त गूढ शास्त्रीय दर्शन, जटिलतम साधनापक्ष र वैज्ञानिक वैशिष्टच अन्तर्निहित रहेको छ । यसरी सम्पादन गरिने पूजाको विशिष्टता र गाम्भीर्यले नै राष्ट्रदेवको शास्त्रीय र लौकिक महत्त्वका बारेमा थप विषयबोध गराउँदछ । अतः सर्वाम्नायका प्रतीकस्वरूप षड्वक्र भगवान् श्रीपशुपतिनाथको अर्चकका रूपमा नियुक्त हुने व्यक्तिले निगमागम दुवै उपासना पद्धतिमा दीक्षाधिकार लिई कठोर नियममा रही साधना गरेको हुनुपर्दछ । भगवान् शिवको महत्तामाथि प्रकाश पार्दै शिवपुराण शतरुद्रीय संहितामा उल्लेख गरिएको छ (यथा.) :

> शर्वो भव स्तथा रुद्र उग्रो भीमः पशो पतिः ।
> ईशानश्च महादेव मूर्तय चाष्टक स्मृता ॥२॥
> तस्य शंभोः परेस्य मूर्त्यष्टकमयं जगत् ।
> तस्मिन् व्याप्त स्थितं विश्वं सूत्रेमणिगणां इव ॥३॥ अध्याय २
> (भावार्थ : शर्व, भव, रुद्र, भीम, पशुपति, ईशान, महादेव, शिव, यी शम्भोका आठ मूर्ति छन् । भगवान्को यही अष्टमूर्तिमा नै यो संसार अडेको छ । धागामा मणिहरू उनिए झैँ यिनै आठमूर्तिरूपी धागोमा यो विश्व उनिएको छ । )

यस विश्लेषणलाई आधार मान्दा पशुपतिको अर्चकका रूपमा नियुक्त हुने व्यक्तिले शिवतत्त्वलाई गहन रूपले बुझेको हुनु पर्दछ । "पश्यतीति पशु" अर्थात् जसले अरूलाई देख्दछ त्यसलाई पशु र "पशो पतीति पशुपति" अर्थात् सबैलाई देख्नहरूका मालिकलाई पशुपति भनेर शास्त्रमा पशुपतिनाथको महिमागान गाएको पाइन्छ । पशुपति शब्दले व्यापकता र साक्षीभाव देखाउने भएकाले परम ईश्वरका रूपमा पशुपतिलाई पुज्ने प्रचलन रहिआएको छ । कुलार्णव तन्त्रले इन्द्रियजन्य विषयको उपभोगमा नित्य निरन्तर लिप्त रहने र अष्टपाशमा जेलिएर बसेको चेतनावान् जीवलाई पशु र यी पाशलाई काटेर परमतत्त्वबोध गराउने नै पशुपति हुन् भनेर व्याख्या गरेको छ । अज्ञानरूपी पाशोमा बाँधिएका पशुको मोहरूपी पाशोलाई छिनालेर सदैव कल्याण एवं अनुग्रह गर्ने ईश्वर पशुपति हुन् (सापकोटा, २०७७) । दार्शनिक पक्षबाट विवेचन गर्ने हो भने परब्रह्म

पशुपतिनाथ र पाशले बाँधिएको पशुको बीचमा सेतुका रूपमा रहने पुजारीहरू ज्ञान आलोकका प्रतीक स्वरूप हुन् । प्रतीकात्मक बिम्बनबाट पशु, पाश र पशुपतिलाई देखाइएको बुझ्न जरुरी छ ।

### भूगोल

पशुपतिनाथको पुजारीको नियुक्तिका लागि भौगोलिक पक्षलाई अत्यन्त महत्त्वपूर्ण आधारका रूपमा लिने गरिएको पाइन्छ । दक्षिणभारतको पञ्चद्रविड ब्राह्मण कुलमा जन्मेका जन्मसिद्धि हिन्दू ब्राह्मण मात्र पशुपतिनाथको पुजारीको रूपमा नियुक्त हुन सक्दछन् (यथा.) :

कर्नाटकमहाराष्ट्रा आन्ध्राद्रविडजातिजाः ।
विन्ध्याद् दक्षिणतो जाताः प्रायश्चित्तं विधाय च ॥
अर्चा पशुपतेश्चैव मरणान्तञ्च पूजयेत् ।
मृतस्तादृश एवान्यश्चाधिकारी तदा भवेत् ॥ (सोमयाजी, २०५६, पृ. ५६)

(**भावार्थ** : विन्ध्याचल पर्वतको दक्षिणमा जन्म लिएका कर्नाटक, महाराष्ट्र, आन्ध्र तथा द्रविणदेशका सपत्नीक गृहस्थ ब्राह्मणले प्रायश्चित्तपूर्वक श्रीपशुपतिनाथको पुजारी हुनुपर्ने प्रचलन रहेको छ र उपयुक्त भनाइ विभिन्न वंशावलीमा समेत उल्लेख रहेको छ । )

पञ्चद्रविड ब्राह्मणहरूमा आन्ध्र, द्रविड, कर्नाटक, महाराष्ट्र र उडिसाका पर्दछन् (कोइराला, २०५१, पृ. ४७९) । तर वर्तमानमा प्रायशः महाराष्ट्र र उडिसाका ब्राह्मणहरू नियुक्त हुने गरेको पाइदैंन । पशुपतिनाथका एक पुजारी साम्बसदाशिव भट्टलाई नियुक्त गर्दा पञ्चद्रविड विन्ध्याचल पर्वतको दक्षिणमा जन्मलिएका ब्राह्मणहरूबाट श्रीको पूजा चलाउने उल्लेख गरिएको छ । (कोइराला, २०५१, पृ. ३५३)

### शङ्कराचार्य र पुजारी परम्परा

विक्रमको बाह्रौं शताब्दीको अन्त्यतिर काशीबाट आएका शङ्कराचार्य स्वामीले दाक्षिणात्य ब्राह्मणहरूबाट पशुपतिनाथमा पूजा गराउने परम्पराको थालनी भएको पाइनाले सन्यासीद्वारा पशुपतिनाथमा पूजा गर्ने पहिलो क्रम शङ्कराचार्य स्वामीको आगमनसम्म कायम भएको देखिन्छ । त्यसपछि दाक्षिणात्य ब्राह्मणहरूद्वारा पूजा गर्ने चलन चल्यो (टण्डन, २०५३, पृ. २१५) । नेपालमा शङ्कराचार्य आएका थिए भन्ने अनुश्रुति अत्यन्त व्यापक छ । तर आद्य शङ्कराचार्यका चार मठका चेलाहरूलाई पनि शङ्कराचार्य भन्ने प्रचलन भएको तथा अन्य व्यक्तिहरूको नाममा पनि शङ्कराचार्य हुन सक्ने कुरालाई दृष्टिगत गर्दा नेपाली परम्परामा प्रसिद्धि पाएका शङ्कराचार्य को हुन् ? हेर्नु आवश्यक छ (टण्डन, २०५३, पृ. २२३) । आचार्य शङ्करले नै पशुपतिनाथको उर्ध्ववक्रमा श्रीयन्त्र लेखी भगवती पराम्बा राजराजेश्वरी ललितत्रिपुरसुन्दरीको पूजा प्रक्रम चलाएको हो भन्ने जनश्रुति व्याप्त रहेको छ । यस प्रसङ्गमा कतिपय विद्वान्हरूले पशुपतिमा सो प्रचलन चलाउने आद्यजगत् गुरु शङ्कराचार्य नभई काशीस्थित आमर्दक अग्निमठका शङ्कराचार्य भएको उल्लेख गरेका छन् । एकातिर शङ्कराचार्यले पशुपतिनाथमा श्रीयन्त्रको विधानले पूजा गर्ने चलन चलाए, दाक्षिणात्य ब्राह्मणबाट पूजा गराउने नियम बाँधे भन्ने अनुश्रुति पाइनु, अर्कोतिर ने.सं. २२२ (वि.सं. ११५९) को टिपोट एवं ने.सं. २६२ (वि.सं. ११९९) को शिलालेखमा शङ्कराचार्यको नेपाल आगमनको विस्तृत चर्चा पाइनुले ती आद्य जगत्गुरु श्रीशङ्कराचार्य नभईकन स्वर्लिननिवासी काशी आमर्दक अग्निमठका शङ्कराचार्य रहेछन् भन्ने स्पष्ट हुन आएको छ (आचार्य, २०७८, पृ. ३७) । आद्य जगत्गुरु श्रीशकंराचार्यको प्रसिद्धि र प्रख्याति सुनेका व्यक्तिहरूले शङ्कराचार्यको नाम सुन्नासाथ आद्य श्री शङ्करसँग सम्बन्ध गाँस्नु अस्वभाविक होइन । (टण्डन, २०५३, पृ. २२४)

**नैगमिक तथा आगमिक मान्यता**

पूजा प्रक्रम चलाउने भट्ट ब्राह्मणहरू कृष्ण यजुर्वेदको तैत्तिरीय शाखाध्यायी हुनुपर्ने विधान छ। नेपालका सम्पूर्ण कर्मकाण्ड शुक्ल यजुर्वेदको विभिन्न शाखामा आधारित रही अनुसरण हुने गरेका छन् र सोअनुरूप नै सम्पूर्ण कर्मकाण्ड हुने गर्दछ। तर कृष्ण यजुर्वेद पढ्ने ब्रह्मनिष्ठ विद्वान्को उपस्थिति अहिलेसम्म बोध भएको छैन यद्यपि केही कालअगिसम्म नेपालमा पनि कृष्ण यजुर्वेदका विभिन्न शाखाध्यायी (विशेष गरी तैत्तिरीय शाखाका) ब्राह्मणहरू थिए भन्ने यदाकदा सुन्नमा चाहिँ आएको छ। तर तत्कालीन समयमा कृष्ण यजुर्वेदको तैत्तिरीय शाखाध्यायी ब्राह्मण वंश रहे नरहेको पत्ता पाउन सकिएको छैन। अनुसन्धानको क्रममा चाँगुनारायण मन्दिर क्षेत्र, भक्तपुरमा पशुपतिनाथका मूल पुजारी तैलङ्ग देशबाट आएका कृष्ण भट्ट (वि.सं. १८०४–१८५१) का वंशज रहेको भेटियो र उहाँहरूसँग पशुपतिनाथमा पूजोपासना हुने गरेको रुद्रयामल, तान्त्रिक पूजा विधानहरूलगायतका विभिन्न भुर्जपत्र, ग्रन्थहरू प्रचलित नेपाली, संस्कृत र दक्षिण भारतीय लिपिमा लेखिएका पशुपतिसम्बन्धी विभिन्न स्रोतसामग्रीहरू उपलब्ध रहेका छन्। उहाँहरूका अनुसार अहिले शुक्ल यर्जुर्वेदीय शाखामा परिणत भइसकेको र तान्त्रिक मिश्रमार्गको प्रयोग गरी आफ्नो कुलदेवी बालात्रिपुरसुन्दरीको उपासना गर्ने गरेको जानकारी प्राप्त हुन आएको छ (पशुपतिका मूल पुजारी कृष्ण भट्टका वंशज अनिश भट्टले देखाउनु भएको विभिन्न श्रोत र कुराकानीमा आधारित)। यसका साथै गोकर्णेश्वर, ज्ञानेश्वर, किलेश्वरका पुजारी पनि पशुपतिका पूर्व भट्टकै वंशज रहेको तथ्य अनुशीलनबाट ज्ञात हुन्छ।

नेपाली विद्वान्हरूले यदाकदा प्रश्न उठाउने गरेका छन्– नेपालका अरू मठमन्दिरमा शुक्ल यजुर्वेदअनुसारको पूजा तथा अनुष्ठानपद्धतिले कर्म चलाउन मिल्ने तर पशुपतिनाथमा शुक्ल यजुर्वेदीय पद्धतिअनुरूपको पूजाविधान चलाउन किन नमिल्ने ? यसप्रकारका प्रश्नहरूले पशुपतिनाथको पूजापद्धतिमा र समग्र मौलिक संस्कृति प्रति गम्भीर असर गर्दछ। परम्परादेखि चल्दै आएको विधिविधान एवं पूजा पद्धतिलाई एकाएक परिवर्तन गर्न त बगिरहेको खोलालाई विपरीत दिशातर्फ मोड्नुजत्तिकै अत्यधिक कठिन काम हो यद्यपि यस विषयमा शास्त्रज्ञ विद्वान्हरूको गम्भीर शास्त्रार्थ हुनु अति अपरिहार्य देखिन्छ। आदि जगद्गुरु शङ्कराचार्यले स्थापना गरेका चार पीठमध्ये दक्षिणाम्नाय शृङ्गेरी शारदा मठ यजुर्वेदको मठ हो। त्यसमा पनि विशेष गरी कृष्ण यजुर्वेदको प्रचलन बढी छ। त्यस मठआसपास क्षेत्रका ब्राह्मण नै पशुपतिको पुजारीका लागि नियुक्त हुन्छन्। त्यस क्षेत्रका अतिरिक्त भारतका अन्य स्थानका ब्राह्मणहरू पनि पशुपतिका अर्चकका रूपमा नियुक्त हुने गरेको पाइएको छैन।

पुरानो समयमा ऋग्वेदका २१, यजुर्वेदका १०१ (शुक्ल यजुर्वेदका १५ र कृष्ण यजुर्वेदका ८६), सामवेदका १००० र अथर्ववेदका ९ गरेर जम्मा ११३१ ओटा शाखाहरू प्रचलनमा रहेका थिए। अहिले शुक्ल यजुर्वेदका प्रमुख दुई– माध्यन्दिनीय र काण्व एवं कृष्ण यजुर्वेदका प्रमुख चार– तैत्तिरीय, मैत्रायणीय, काठक र कपिष्ठकठ शाखाहरू प्रचलनमा रहेका छन्। वर्तमानमा नेपालमा शुक्ल यजुर्वेदका दुई ओटै शाखाहरू र सामवेदका केही शाखाहरू मात्र प्रचलनमा छन्। ऋग्वेद र अथर्ववेदका शाखाध्यायी नेपालमा रहे नरहेको थाहा पाइएको छैन। कृष्ण यजुर्वेदको शाखाध्यायी राजोपाध्याय ब्राह्मणमा भएको सुनिए तापनि हालसम्म कृष्णयजुर्वेदको तैत्तिरीय शाखाध्यायी फेला पर्न नसकेको अवस्था छ (सहप्रा.डा. प्रमोदवर्द्धन कौण्डिन्यान्यबाट प्राप्त भएको जानकारीका आधारमा)। केही विद्वान्हरूले मैथिल ब्राह्मण समुदायमा पनि कृष्ण यजुर्वेदीय तैत्तिरीय शाखाका अध्यायीहरू रहेको जनाउने गरेका छन्। विभिन्न समुदाय, व्यक्ति र समूहबाट उपरोक्त शाखाध्यायीहरूका बारेमा आफ्नै किसिमबाट दाबी हुने गरेको पाइन्छ तर उपरोक्त विषयसम्बद्ध ठोस

र आधिकारिक प्रमाण कहीँकतैबाट प्राप्त हुन सकेको छैन। यसबाट वास्तवमा नै नेपालमा वर्तमान परिप्रेक्ष्यमा कुनै कृष्णयजुर्वेदी नरहेको सङ्केत गर्दछ यद्यपि यो विषय अनुसन्धेय छ।

श्रीविद्या उपासनाका मुख्य नौ ओटा क्रममध्ये महाक्रममा पुगेपछि मात्रै तीन ओटा पाशुपतविद्या– लघु पाशुपत, मध्यम पाशुपत र महापाशुपत विद्याको उपदेश हुन्छ। यस महाक्रममा क्रमैसँग आद्याकाली, श्यामाकाली, दक्षिणकाली, एकजटा, नीलसरस्वती, महोग्रतारा, शारदा, बालात्रिपुरा, बालात्रिपुरसुन्दरी, सिद्धिलक्ष्मी, सिद्धिकराली (गुह्यकाली), कामकलाकाली, उन्मनी, अन्नपूर्णा, भुवनेश्वरी, कुब्जिका, वीरकुब्जिका, वज्रकुब्जिका, पञ्चदशी, षोडशी र महाषोडशीको मन्त्र ग्रहण गरेपछि षडन्वयशाम्भव भएर गुरुबाट पूर्णाभिषेक लिइन्छ . त्यसपछि मात्रै तीन ओटा पाशुपतविद्या ग्रहण गर्ने अधिकार प्राप्त हुन्छ। यसबाट के कुरा सिद्ध हुन्छ महापाशुपतविद्या प्राप्त गर्नका लागि साधक श्रीविद्याको महाक्रममा दीक्षित हुनु अनिवार्य छ। यसो भएकाले नै श्रीविद्यापरम्परामा निष्णात दाक्षिणात्य भट्टहरूलाई श्रीपशुपतिनाथको प्रधान अर्चकका रूपमा नियुक्त गर्ने परम्परा यहाँ बसेको हो (*पाशुपत दर्पण,* २०७७, पृ. १६)। लघु पाशुपतमा दीक्षित साधकले पशुपतिको चर्तुमुखको, मध्यम पाशुपतमा दीक्षित साधकले श्रीको पञ्चमुखी स्वरूपको र महापाशुपत विद्यामा सर्वाम्नाय स्वरूप भगवान श्री पशुपतिनाथको षड्वक्रको पूजाउपासना गर्ने अधिकार रहन्छ। पशुपति ज्योर्तिलिङ्गमा पूजाउपासना गर्ने अर्चकहरू कम्तीमा पनि मध्यम पाशुपत विद्याको दीक्षित साधक हुनुपर्छ। कोहीकोही अर्चकहरू महापाशुपत विद्यामा दीक्षित थिए भन्ने यदाकदा सुनिन्छ (*पाशुपत दर्पण,* २०७७, पृ. १५)। तन्त्रशास्त्रमा पशुपतिनाथको ६ ओटा श्रीमुखहरू रहेको मानिन्छ। ती ६ श्रीमुखहरूमध्ये पूर्वको तत्पुरुष, दक्षिणको अघोर, पश्चिमको सद्योजात, उत्तरको वामदेव, उर्ध्व (आकाशतर्फ) को ईशान र अधो (पातालतिरको) को कालाग्निरुद्र हुन्। ती ६ ओटा मुखसँगै तत्तत् मुखका आफ्नैआफ्नै शक्तिहरू रहेका हुन्छन्। यी शक्तिहरू पूर्वको पूर्णेश्वरी, दक्षिणको निशेश्वरी, पश्चिमको कुब्जिकेश्वरी, उत्तरको गुह्येश्वरी (सिद्धेश्वरी), ऊर्ध्वको कामेश्वरी र अधोमुखको वज्रेश्वरी (तारेश्वरी) हुन्। यसरी पशुपतिको मूल विग्रहमा शिवको मात्र नभई प्रत्यक्ष शक्तिको पनि पूजा हुन्छ। ऊर्ध्व वक्रमा श्रीयन्त्र बनाई भगवती राजराजेश्वरीको पूजा हुने गर्दछ। यसर्थ अर्चक पाशुपतका साथै शाक्त उपासक पनि हुनु अत्यन्त जरुरी रहेको छ।

## पशुपतिनाथको पुजारी र पूजाविधान

श्रीपशुपतिनाथको पुजारी परम्परामा दण्डी स्वामी र पूजा विधानको बारेमा एक रोचक प्रसङ्गको चर्चा विभिन्न वंशावलीमा गरिएको पाइन्छ। उपरोक्त प्रसङ्गलाई यहाँ उल्लेख गरिएको छ। काजी भीम मल्ल भोटमा रहँदा केही दुर्जनले राजाका हजुरमा श्रीपशुपतिनाथका सन्यासी पुजारी स्वामी नित्यानन्दले पशुपतिनाथलाई प्रत्यक्ष ढोग्दैनन् भनी सुनाइदिए। यति सुनेपछि राजा आफैं श्रीपशुपतिनाथको पूजाविधि हेर्नका लागि उपस्थित भए। स्वामी नित्यानन्दले राजाको मनोदशा बुझेर पूजाविधि सम्पन्न गरे अनि बाहिर चण्डेश्वरीमा पूजा गरी कामदेवको पाउमा ढोगिदिए। तत्क्षण नै कामदेवका पादुका टुक्राटुक्रा भई खस्यो। त्यसपछि स्वामीले दक्षिण आँगनको धर्मशीलामा आफ्नो दण्डीविधानको विपरीत भई ढोगिदिए, धर्मशीला पनि टुक्राटुक्रा भई फुट्यो। फेरि भित्र गई पशुपतिनाथका चरण ढोग्न लाग्दा राजाले स्वामीका पाउमा झुकेर अनुनयविनय गरी बिन्ती गरे र आइन्दा पशुपतिनाथका पूजामा शङ्का गर्ने छैन भनी स्वामीलाई बुझाई फर्की आए।

पशुपतिनाथका तेह्रौं प्रधानार्चक श्रीअनन्त कृष्ण सोमयाजीले आफ्नो पुस्तकमा यस प्रसङ्गसँग सम्बन्धित सन्यासी पुजारी दण्डी स्वामी विमलानन्द भएको उल्लेख गरेका छन्। तत्कालीन राजा नृपेन्द्रमल्ल (वि.सं. १७३१–१७३७) ले दम्भवश स्वामी विमलानन्दलाई

पशुपतिनाथभन्दा ठुलो कोही छैन, प्रत्यक्ष प्रणाम गर्नुहोस् भन्दा स्वामीले लौ ठिक छ भनी दक्षिणी आँगनको धर्मशीलामा गई आफ्नो विधानको विपरीत दर्शन गर्दा धर्मशीला चकनाचुर भई फुट्यो। यो देखेपछि राजालाई हीनताबोध भयो र स्वामी विमलानन्दसँग कर जोडी क्षमायाचना गरे। त्यसपछि पशुपतिनाथको पुजारीमा दण्डी सन्यासीलाई हटाएर श्रीपशुपतिनाथलाई प्रत्यक्ष प्रणाम गर्न सक्ने र तत्कालीन समाजसँग समय सापेक्षिक हुने गृहस्थ ब्राह्मण पुजारी राख्न आदेश दिए र आफूले नैऋत्य कोण यज्ञशालानिर समाधि लिए। (टण्डन, २०५३, पृ. २१७)

## पशुपतिका सन्यासी पुजारीबाट चलाइएका पर्वहरू

पशुपतिनाथको पुजारीका रूपमा नियुक्त भएका दण्डी सन्यासीहरूले विभिन्न पर्वहरू एवं थिति बसालेको ऐतिहासिक अनुशीलनबाट बोध हुन्छ। नेपाल नरेशप्रताप मल्ल (वि.सं. १६९८-१७३१) ले ज्ञानानन्द सन्यासी स्वामीलाई स्वयं परीक्षण गरी नियुक्त गरेका थिए। यिनै पुजारीका प्रेरणाले राजाले श्रीको चरणकमलमा अत्यन्त आकर्षक छत्र बनाएर चढाएका थिए। साथै श्रावणशुक्ल चतुर्दशीको दिनमा पशुपतिनाथलाई नीलकण्ठ स्वरूपमा पूजा गर्ने चलन चलाए र त्यसलाई पवित्रारोपण भन्ने नाम राखे (सोमयाजी, २०५६, पृ. ५५-५६)। पवित्रारोपण पर्वमा प्रातःकालमा पशुपतिनाथ र वासुकीनाथको मन्दिरबाहिर काँचो धागाको तीन फेरा बेरिन्छ र बिसेट नाइकेको संलग्नतामा झंकेश्वरी मठमा तयार पारिएको कपासको सुन्दर मुकुट, जनै एवं सुन्दर मालाहरू मूल भट्ट स्वयं गई ल्याउने गर्दछन्। नित्यार्चनपछि श्रीको मूल विग्रहमा उल्लेखित सामाग्री पहिराई सिँगार्ने काम गरिन्छ। यस दिन गरिने पवित्रारोपण पूजाबाट वर्षभरि गरिएका पूजामा रहन गएका त्रुटिहरू र स्पृश्यापृश्यको दोष पवित्र हुन जाने मान्यता छ। (भाषा वंशावली, २०२३)

राजा नृपेन्द्र मल्ल (वि.सं.१७३१-१७३७) को समयमा पशुपतिनाथको पुजारीको रूपमा स्वामी बिमलानन्द पुजारी भएको उल्लेख गरिएको पाइन्छ। स्वामी बिमलानन्दले पशुपतिनाथमा अस्पर्श, अगमागम वस्तुबाट अर्जित पापक्षय गर्ने हेतुले कुसुमारोहण पूजा चलाए। बिमलानन्दका पछिका सन्यासी पुजारी स्वामी राघवानन्दले भने दमनारोहणको पूजा चलाएको पाइन्छ। यो पूजा वैशाख शुक्ल अष्टमीको दिनमा हुने गर्दछ। दमनारोहण पूजामा दमन पुष्पको प्रयोग हुने गर्दछ। यो फूलको उत्पत्ति महादेवले कामदेवलाई भस्म पार्दा बचेको खरानीबाट भएको हो भन्ने मान्यता छ। राघवानन्द स्वामीले नै पशुपतिनाथमा पवित्रारोपणको थितिलाई पुनः व्यवस्थित गरी चलाउने व्यवस्था गरे र सो प्रयोजनका लागि पुजारीको खान्गीबाट खर्च मिलाउने थिति चलाए (टण्डन, २०५३, पृ. २१७)। यसका साथै पशुपतिनाथमा पुजारीका रूपमा नियुक्त भएका सन्यासी वा गृहस्थ ब्राह्मणहरूले आफ्नो कार्यकालमा विभिन्न पर्व र थिति क्रम बसालेको पाइन्छ जुन कतिपय आज पर्यन्तसम्म पनि निरन्तर चल्दै आएका छन् भने कतिपय लोप नै भइसकेको स्थिति छ।

## दाक्षिणात्य ब्राह्मणको नियुक्ति

विभिन्न कालखण्डका ऐतिहासिक स्रोत र सामग्रीहरूको अवलोकन गर्दा पशुपतिनाथमा दाक्षिणात्य पुजारी परम्परा रहेको बोध हुन जान्छ। पशुपतिनाथमा दक्षिणी ब्राह्मणको नियुक्तिका लागि तत्कालीन दक्षिण एसियाली भूखण्डको राजनैतिक परिदृश्यलाई नियाल्नुपर्ने हुन्छ। मुसलमान आक्रमणले बेलाबेलामा जाति भ्रष्ट भएका कुलसँग पनि सम्बन्ध हुँदै गरेका ब्राह्मण वर्ग नै विन्ध्याचल भन्दा उत्तरमा थिए भने दक्षिणमा धेरै समयसम्म मुसलमानको प्रभावबाट बचेका जाति हुँदा शुद्ध जातिको रूपमा दक्षिणका ब्राह्मण बोलाउने व्यवस्था रहेको पनि मान्न सकिन्छ। दोस्रो कारण, तान्त्रिक विधिविधान एवं उपासनाको प्रमुख केन्द्र दक्षिण भारत नै भएको र आद्यजगत्गुरु

श्रीशङ्कराचार्यको प्रमुख मठ शृङ्गेरी र काञ्ची कामाकोटी पीठ पनि दक्षिणमा नै रहेकाले उक्त मठमा सम्पर्क राखी ब्राह्मणहरू मगाउँदा आफ्ना प्रभावक्षेत्रका शुद्ध संस्कारयुक्त विद्वान् ब्राह्मणप्रति नै शङ्कराचार्यहरूको विशेष आस्था भएकाले नै यो परम्परा चलेको पनि मान्न सकिन्छ। (कोइराला, २०५१, पृ. ३५३)

## पुजारी नियुक्तिमा कानुनी व्यवस्था र परम्परागत एवं लोक मान्यता

पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ को दफा १७ (क१) अनुसार श्री पशुपतिनाथको मन्दिरको रेखदेख गर्ने कर्तव्य कोषको हुनेछ र मन्दिरको विभिन्न पूजाआजा चलाउने कर्तव्य मूल भट्टको हुनेछ (पशुपति क्षेत्र विकास कोष ऐन, २०४४)। पशुपति क्षेत्र विकास कोष (कार्यव्यवस्था) नियमावली, २०५४ को नियम ३ मा श्री पशुपतिनाथको पुजारीको योग्यता तथा नियुक्तिको बारेमा उल्लेख गरिएको छ। उक्त नियममा "श्री पशुपतिनाथको पुजारी हुन जन्मसिद्ध हिन्दु धर्मावलम्बी, वेदाध्यायी, सदाचारी, धर्मशास्त्रमा विशिष्ठ ज्ञान भएको, संस्कृतज्ञ, स्नातक, विद्वान् ब्राह्मण र स्वजातिमा विवाह भएको व्यक्ति हुनुपर्नेछ र विदूर वा एकभन्दा बढी पत्नी भएको व्यक्ति मूल पुजारी हुने छैन।" भनी उल्लेख गरिएको छ। राजशासन हुँदा बडागुरुज्यूको सिफारिसमा श्री ५ बाट पुजारीहरूको नियुक्ति हुन्थ्यो भने अहिले खुल्ला प्रतिस्पर्धाबाट छनौट भएका उम्मेदवारहरूलाई पशुपति क्षेत्र विकास कोषका अध्यक्ष संस्कृति मन्त्रीको सिफारिसमा संरक्षक सम्माननीय प्रधानमन्त्रीज्यूबाट हुन्छ। पशुपतिनाथ र नेपाली इतिहाससँग भारतीय भट्ट पुजारी परम्पराको गहिरो सम्बन्ध रहेको छ। द्विदेशीय जनस्तरको सम्बन्धलाई, दुई देशको अन्योन्याश्रित आध्यात्मिक परिपाटीलाई यो परम्पराले उजागर गर्दछ। नेपालका अन्य मन्दिरमा जस्तो पशुपतिनाथको भट्ट पुजारी परम्परा पारिवारिक रोलक्रममा आधारित छैन तर नियुक्ति भएको आधारमा रोलक्रम स्थापित हुनेको पाइन्छ। पशुपतिनाथको कुनै पनि अर्चक मूल भट्ट भएपछि उनले सकुन्जेल पशुपतिनाथमा पूजाआराधना गर्ने गर्दछन्। उनले पदबाट अवकाश लिएपछि नियुक्तिका आधारमा रोलक्रममा रहेका अर्को भट्ट प्रधानार्चकमा नियुक्त हुन्छन् र खाली हुने पदमा अर्को पुजारीको विधिवत् नियुक्ति गरिन्छ।

पशुपतिनाथको पुजारी नियुक्तिको अर्को प्रमुख आधारका रूपमा परम्परागत एवं लोक मान्यताहरूलाई लिने गरेको पाइन्छ। पुजारी हुनका लागि भूगोल एवं नैगमिक तथा आगमिक दीक्षाधिकारको बारेमा माथि नै चर्चा गरिसकिएको छ, त्यसका अलावा पुजारी हुनका लागि उम्मेदवार व्यक्ति सपत्नीक गृहस्थ आचारमा बसेको, शरीरमा घाउ चोटपटक, रोगब्याधि नलागेको, दीर्घ रोग नलागेको स्वस्थ व्यक्ति हुनुपर्दछ। यसका साथै पूजारीको वीर्य खण्डित रहेको हुनु हुँदैन। लौकिक विधिबाट सर्वसाधारण व्यक्तिले गर्ने पूजाभन्दा अत्यन्त कठोर नियममा बसी आचार, भाव र चरित्रलाई सानुरूप नै परिष्कृत गरेको व्यक्तिबाट नै एकरूपताका साथबाट पशुपतिनाथको पूजा चलाउनुपर्ने मान्यता छ। श्रीको पूजाउपासना गर्न लवण (नुन) सेवन नगर्ने र निरामिषभोगी व्यक्ति अपेक्षित रहन्छ। दाक्षिणात्य ब्राह्मण परम्परामा मांसभोजी ब्राह्मण भएमा जातिच्यूत हुने मान्यता छ (कोइराला, २०५१, पृ. ४७८)। यसका साथै एक रोचक प्रसङ्ग, पशुपतिनाथको महाज्योर्तिलिङ्ग स्वरूप मूल श्रीविग्रहलाई मूल पुजारी र अन्य तीन ब्राह्मण पुजारीका अलावा अरू कसैले पनि स्पर्श गर्दैनन्। पालोवाला मूल भण्डारी र अन्य भण्डारीहरूले पनि पशुपतिनाथको श्रीविग्रहलाई स्पर्श गर्ने अधिकार छैन। पशुपतिनाथमा चारजना पुजारी (अर्चक) हरू रहने व्यवस्था रहिआएको छ। मूल अर्चकले पश्चिम, ऊर्ध्व र अधोमुखको उपासना गर्दछन् भने ज्येष्ठताका मर्यादाले क्रमशः दक्षिण, उत्तर र पूर्व मुहारको उपासना गर्ने अन्य तीन जना भट्ट हुन्छन्।

जनश्रुतिका अनुसार पशुपतिमा नेपाली पुजारी नियुक्त नगरी भारतीय भट्ट ब्राह्मण नियुक्त गर्ने प्रमुख कारण नेपाली जनताले शिवस्व नखाने चलन हो। इतिहासमा राजस्व, देवस्व र शिवस्वको ठुलो महत्त्व रहेको छ। राजद्रोही र राज्यविरुद्धको कसुर गर्नेलाई शिवस्व खुवाइन्थ्यो। शिवस्व खानेले चन्द्रसूर्य रहँदासम्म नरकमा नै यातना-प्रताडना भोग्नुपर्ने मान्यता आजपर्यन्त चलेको पाइन्छ। तत्कालीन हिन्दूराष्ट्र नेपालमा राजशासन रहेको र राजालाई विष्णुस्वरूप मानिने हुँदा, राजाको देहावसान हुँदा सम्पूर्ण नेपाली जनतालाई अशौच पर्दछ र पशुपतिनाथको पूजा अवरुद्ध भई पूजा रोकिएर राज्यमा ठुलो विपत्ति आइपर्छ भन्ने मान्यता थियो। तर अहिले सङ्घीय गणतान्त्रिक राज्यव्यवस्था प्रणाली लागु भइसकेका अवस्थामा सारा नेपालीलाई अशौच पर्दछ भन्ने प्रथाको वर्तमानमा कुनै ठोस औचित्य रहेको देखिदैंन।

पशुपतिनाथको नित्य स्नानअर्न्तगतको पञ्चामृत स्नान हुँदाहुँदै मूल पुजारीले एकादश रुद्री एकै ठाउँमा निश्चल उभिई पाठ गर्नुपर्दछ (टण्डन, २०५३, पृ. २०१७)। यो पाठ नसकीकन अरू भक्तजनले पुजारीमार्फत कुनै पनि फर्मायसी पूजाआजा गर्न नहुने चलन छ। नित्य नैमित्तिक पूजामा प्रवेश गरेपछि पशुपतिनाथका मूल भट्ट पूजा नसिद्धिएसम्म गर्भगृहबाट बाहिर निस्कन मिल्दैन र अरू पालोवाला भट्ट बाहिर परिसरका देवता एवं गणहरूको पूजा गर्न, बालभोग तथा पूर्णभोग तयार गर्न र भोगको समयमा बाहेक बाहिर जान निषेध छ। यसरी करीब आधा दिनको पूजाअवधिभरि शौचलगायतका कर्म गर्न पाइदैंन। यसर्थ आहारमा पनि नियन्त्रण हुनु अत्यन्त जरुरी छ। बढी प्रोटिन, फाइबरयुक्त खाना खाँदा पूजाविधान खण्डित हुनसक्ने हुँदा यो कठोर व्रतको पालना हुनु अत्यन्त आवश्यक रहन्छ। जाडो गर्मी जुनसुकै मौसम भए पनि पशुपतिनाथका पुजारीहरूले पूजामा निर्दिष्ट पोसाक (रातो लबेदा, रातो धोती, ऊनको कमरबन्द र शिर नदेखिने गरी ढाकिएको कपडा) बाहेकका अरू परिधान प्रयोग गर्न पाइदैंन। चिसो मौसममा करीबकरीब तीनचार घण्टासम्म चिसो पानीको प्रयोग गर्नुपर्ने भएकाले अत्यन्त कष्टप्रद दैनिकी हुने गर्दछ।

## नियुक्तिपछि दर्शन गरिने शिवालयहरू

पशुपतिनाथको अर्चकका रूपमा दाक्षिणात्य ब्राह्मणको नियुक्ति भएपछि पाशुपत क्षेत्रमा भएका एकादश शिवलिङ्गहरूको दर्शन गर्नुपर्ने विधान छ तर दर्शन गर्नुभन्दा अगाडि तीन दिनसम्म पशुपतिनाथको भण्डारमा नियत गरेअनुसारको अन्नबाहेक दुध, फलफूल एक छाक खाएर विधि-विधानसहित निष्ठामा बस्नुपर्दछ। ती शिवलिङ्गहरू भण्डारेश्वर (कालोपुल), ताम्रेश्वर (नवालीटोल), खञ्जनेश्वर (अमालकोट कचहरी परिसर), कृष्णेश्वर (भुवनेश्वरी मन्दिर परिसर), झंकेश्वर (झंकेश्वरी मठनजिकै), चन्द्रज्वलेश्वर (पोडेपाटीनजिकैको खोपामा), चम्पकेश्वर (ढुङ्गेधारानजिकै), भष्मेश्वर (भष्मेश्वर घाट), अचलेश्वर (आगमघरसँगै भित्तामा), ईशानेश्वर (रुद्रगारेश्वर) र विश्वेश्वर (चौसट्ठी शिवलिङ्गनजिक) हरू हुन्। यी एकादश रुद्रहरूको दर्शन पूजन गरेपश्चात् वर्तमान मूल भट्ट निवाससँगै रहेको कुमारकुमारीको दर्शन गरेपछि मात्र नयाँ पुजारीले महाज्योतिर्लिङ्गस्वरूप श्रीपशुपतिनाथको मन्दिर भित्र प्रवेश गर्ने अधिकार राख्दछ (पशुपति क्षेत्रको गुरुयोजना, २०७७, पृ.१८१)। यसका साथै शङ्कराचार्य स्वामीको आगमघरमा पनि गई विधिविधानसहित पूजा गर्नुपर्छ। साथसाथै अर्चकका रूपमा नियुक्त भएपछि ब्राह्मणले पशुपति क्षेत्रमा अवस्थित विभिन्न शक्ति पीठहरूमा पनि गएर पूजा उपासना गर्नुपर्दछ।

## नेपाली पुजारी नियुक्ति

पशुपतिनाथको पुजारी परम्पराको लामो ऐतिहासिक श्रृंखलालाई नियाल्ने हो भने वि.सं. २०६३ मा राजशासनको अन्त्य भएपछि नेपाली भट्टलाई पुजारीको रूपमा नियुक्त गरिएको देखिन्छ।

वि.सं. २०६५ पुष १३ गते पशुपतिनाथका तत्कालीन मूल पुजारी रावल महाबलेश्वर भट्टसहित तीन भट्टले राजीनामा दिएपछि पशुपति क्षेत्र विकास कोषले श्रीपशुपतिनाथको उत्तर मुखका पुजारीका रूपमा नुवाकोट जिल्ला, जिलिङ गाविसका स्थायी निवासी प्रा.डा. विष्णुप्रसाद दाहाल र वासुकीनाथको पुजारीमा सिन्धुपाल्चोक जिल्ला, बाँसबारी गाविसका स्थायी निवासी शालिग्राम ढकाललाई नियुक्त गरेको थियो। यस विषयमा विवाद खडा भई सर्वोच्च अदालतमा रिट दायर भएको थियो र पुष १६ गते मा. न्यायधीश बलराम के.सी.को एकल इजलासले नियुक्ति परम्परागत प्रक्रियाविपरीत गैरकानुनी भएको ठहर गरी नवनियुक्त नेपाली भट्टहरूको पदस्थापना बदर गरी साबिककै मूल भट्ट र अन्य भट्टहरूबाट पूजा सञ्चालन गर्न अन्तरिम आदेश जारी गऱ्यो। तत्पश्चात् पशुपति क्षेत्र विकास कोषका तत्कालीन कोषाध्यक्ष गणेश अधिकारीले सर्वोच्चबाट जारी गरिएको आदेश बदर गर्न माग गर्दै निवेदन दर्ता गराएपछि सर्वोच्च अदालतले अन्तरिम आदेश कायम राख्ने वा नराख्ने भनेर छलफल गर्न पुष २८ गते दुवै पक्षलाई हाजिर गराएको थियो। तर त्यो मितिअगावै पुष २३ गते तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालले व्यवस्थापिका संसदको बैठकमा पुजारीले विभिन्न मितिमा दिएका राजीनामा स्वीकृत गर्दै नयाँ नियुक्तिसम्बन्धी सम्पूर्ण कारबाही बदर गरेको घोषणा गरेका थिए। यसपछि नेपाली पुजारीको नियुक्ति गर्नुपर्ने विषयलाई केन्द्रित गर्दै मिडिया दबाब समूह, धार्मिक सङ्घ-सङ्गठनहरूले विषयबहस उठाउने गरेको पाइन्छ।

**नेपाली पुजारी कति प्रासङ्गिक**

अब यहाँ नेपालीलाई नै पशुपतिनाथको पुजारीमा नियुक्त गर्ने सम्बन्धमा केही विमर्श अपेक्षित रहन्छ। सनातनी हिन्दूहरूको आस्थाको केन्द्रका रूपमा रहेको पशुपतिनाथमा नेपाली ब्राह्मण पुजारी नियुक्त गर्नु त सिङ्गो नेपाल र नेपालीका लागि अत्यन्त गौरवको विषय हो तर पुजारी नियुक्ति गर्नका लागि चाहिने अति आधारभूत र अत्यावश्यकीय योग्यता चाहिँ पुऱ्याउनै पर्ने हुन्छ। प्रथमतः नेपालमा कृष्णयजुर्वेद पढाइ हुँदैन, कृष्णयजुर्वेदीय ब्राह्मण तत्काललाई उपलब्ध छैन। यदि नियुक्त नै गर्ने हो भने कृष्ण यजुर्वेदको तैत्तिरीय शाखा पढाउने व्यवस्था मिलाउनुपर्ने हुन्छ। कृष्ण यजुर्वेद पढाउने जनशक्ति चाहिँ भारतबाट नै ल्याउनुपर्छ, अर्को विकल्प चाहिँ रहदैँ रहँदैन। दोस्रो, पुजारी नियुक्त गर्न श्रीविद्या साधना गर्ने शाक्त उपासक ब्राह्मण नै चाहिन्छ। यसलाई सैद्धान्तिक धारबाट मात्र अध्ययन गरेर हुँदैन, प्रयोगात्मक धार नै अपेक्षित हुन्छ। आगमको श्रीविद्या परम्परा केवल गुरुशिष्य परम्पराबाट मात्रै साध्य छ। धेरै व्यक्तिहरूले पशुपतिनाथका अर्चक हुनका लागि केवल कृष्णयजुर्वेदी भए मात्र हुने कुरालाई हृदयङ्गम गरेको पाइन्छ तर त्यो आंशिक मात्र सत्य हो। अर्चकको योग्यताका लागि निगमागम उत्तिकै अपरिहार्य छन्। अर्को तथ्य, तन्त्रमार्गको शाक्त परम्परामा प्रमुख दुई कुल छन्– कालीकुल र श्रीकुल। नेपालमा कालीकुल सर्वसुलभ रूपमा व्याप्त रहेको छ तर श्रीकुलको सङ्ख्या अति न्यून छ वा हातमा गन्न मिल्ने रूपमा श्रीकुलका साधकहरू छन्। दक्षिण भारतमा श्रीविद्याको अत्यधिक उपासना हुने गर्दछ। त्यस अनुपातका तुलनामा वर्तमान परिप्रेक्षमा नेपालमा साधकहरूको उपस्थिति कम छ। अतः श्रीविद्या उपासनाका लागि पनि ब्राह्मणहरू तयार पारिनुपर्दछ। मुख्यतः यहाँ दुई कुराको उठान गरियो– पशुपतिनाथको उपासनाका लागि नियुक्त हुने पुजारीका लागि दुई महत्त्वपूर्ण आवश्यकता : पहिलो कृष्ण यजुर्वेदीय तैत्तिरीय शाखाध्यायी हुनुपर्ने र दोस्रो आगम श्रीविद्या परम्परामा सर्वाधिकार दीक्षा प्राप्त भएको हुनुपर्ने। यसका अलावा उपासक ब्रह्मनिष्ठ हुनुपर्ने, स्नातकोत्तीर्ण भएको, मांसाहार गर्न नहुने, आगम परम्पराको मर्यादा र गुह्यतालाई कायम राख्नुपर्ने आदि जस्ता गुणहरू अपरिहार्य नै छन्। पुजारी नियुक्त अखण्ड पाशुपत व्रत धारण गरी पूजाविधानलाई अविच्छिन्न चलाउन सक्ने

जनशक्ति नेपालमा निर्माण गर्न सके मात्र पुजारी परिवर्तन भन्ने विषयबहस गर्न वाञ्छनीय हुन्छ यद्यपि शास्त्रीय परिशीलन र मौलिक सांस्कृतिक गहन पक्ष नबुझी यस विषयमा बहस खडा गर्नु सर्वथा निरर्थक देखिन्छ ।

## निष्कर्ष

समस्त नेपालीहरू एवं समस्त हिन्दूहरूका परम आराध्यदेव र सर्वधर्म समभावका प्रतीक भगवान् श्रीपशुपतिनाथको पुजारी परम्परा अविच्छिन्न रूपमा चलिआएको जीवन्त सांस्कृतिक परम्परा हो जसले सनातनी हिन्दुहरूको आस्था, विश्वास एवं संस्कृतिको प्रतिनिधित्व गरिरहेको छ । विषयवस्तुको गाम्भीर्य, सोसँग सम्बन्धित मौलिकता र त्यसले सिर्जना गर्ने भावी परिणामको गहनतम विचार-विश्लेषण गरेर मात्र त्यसमा कदम उठाउन उपयुक्त हुने देखिन्छ ।

## सन्दर्भ सामग्रीसूची


कोइराला, कुलचन्द्र (२०५१). *नेपालका आराध्यदेव भगवान श्रीपशुपतिनाथ.* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा- प्रतिष्ठान ।

टण्डन, गोविन्द (२०५३). *पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन.* काठमाडौँ : श्री झरेन्द्र शमशेर ज.ब.रा तथा श्रीमती मञ्जु राणा ।

थापा, मिलनकुमार (२०७३). *तन्त्र विज्ञान.* ललितपुर : श्री हनुमान तन्त्र शिवशक्ति साधना तथा रिसर्च सेन्टर ।

*देवमाला वंशवली,* योगी नरहरिनाथ प्रकाशित ।

रेग्मी, जगदीशचन्द्र र धमला, टी.पी. (२०७१). *नेपालको धार्मिक इतिहास* (चौथो संस्क.). काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

*पशुपति क्षेत्रको गुरुयोजना, २०७७,* पशुपति क्षेत्र विकास कोष ।

*पशुपति क्षेत्र विकास कोष ऐन, २०४४,* पशुपति क्षेत्र विकास कोष ।

*पशुपति क्षेत्र विकास कोष (कार्यव्यवस्था) नियमावली, २०५४,* पशुपति क्षेत्र विकास कोष ।

पशुपति क्षेत्र विकास कोषको वेभसाइट www.pashupati.gov.np

*पाशुपत दर्पण* (२०७७ वैशाख–जेष्ठ). १ (२). काठमाडौँ : पशुपति क्षेत्र विकास कोष ।

*भाषा वंशावली,* राष्ट्रिय अभिलेखालय ।

लम्साल, देवीप्रसाद (सम्पा.) (२०२३). *भाषा वंशावली.* काठमाडौँ : नेपाल राष्ट्रिय पुस्तकालय ।

सापकोटा, सन्दीप (सम्पा.) (२०७८). *तन्त्र चर्चा.* काठमाडौँ : श्री भोलानाथ बास्तोला ।

सोमयाजी, अनन्तकृष्ण (२०५६). *श्रीपशुपति दर्शन.* काठमाडौँ : श्री गोपालराय संघईके परिवार ।

संस्कृति, पर्यटन तथा नागरिक उड्ड्यन मन्त्रालयको वेभसाइट www.tourism.gov.np.